स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री ऋचा शर्माले विपद्को समयमा गरिएको सहयोगको विवरण वा रसिद सामाजिक सञ्जालमा सार्वजनिक गर्नु सकारात्मक कदम भएको बताएकी छन्। सामाजिक सञ्जालमा एक पोस्ट गर्दै उनले यस कार्यलाई पारदर्शिता र उत्प्रेरणाको माध्यमका रुपमा व्याख्या गरेकी हुन्। स्क्रिनसट वा रसिद सामाजिक सञ्जालमा राख्ने प्रवृत्तिको विरोध भइरहेका बेला अभिनेत्री शर्माले यसको बचाउ गरेकी छन्।

**आजको विचार...**



बद्री अर्याल

इतिहासले...
*(दुई पेजमा)*



अभिनेत्री वर्षा सिवाकोटीले बाढीपीडितको पुनर्वासका लागि आइतबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तीन लाख रुपैयाँ सहयोग गरेकी छन्। यसअघि अभिनेता तथा टिकटकर पारस बम ठकुरी (कुल ब्वाय)ले पाँच लाख रुपैयाँ सहयोग गरेका थिए। नेपाली फिल्म क्षेत्रबाट पनि सहयोग जुट्ने क्रम जारी छ । भदौ १० गतेको बाढीका कारण ठूलो जनधन र भौतिक क्षति भएपछि विभिन्न क्षेत्रका व्यक्तिहरूले राहत, उद्धार र पुनर्निर्माणका लागि आर्थिक सहयोग गरिरहेका छन्।

❐ वर्ष ३२ ❐ अंक ४५ ❐ २०८३ भदौ १५ गते सोमबार 31 August 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा ३७ जनाको मृत्यु

**काठमाडौं,** भदौ १४/युक्रेनको राजधानी किएभनजिकै रहेको एक गोदाममा रुसी ड्रोन आक्रमण हुँदा ३७ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन् । गोदाममा गोलाबारुद तथा बारुदी सुरुङ भण्डारण गरिएको र आक्रमणपछि भएको विस्फोट तथा आगलागीले आसपासका दर्जनौं घरमा क्षति पुगेको उनीहरूको भनाइ छ । बुचा जिल्लाको माइला गाउँमा शुक्रबार राति भएको आक्रमण यस वर्ष युक्रेनमा भएको सबैभन्दा घातक रुसी आक्रमण बनेको छ । स्थानीय क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर टकाचेन्कोका अनुसार आगलागीका कारण कम्तीमा ५० आवासीय भवनमा क्षति पुगेको छ । मृत्यु हुनेमा ३४ जना वृद्ध तथा अपाङ्गता भएका व्यक्तिको स्याहार केन्द्रका बासिन्दा रहेको उनले बताए । घटनापछि ३७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । यसैबीच, दक्षिणी खेरसन क्षेत्रमा रुसी आक्रमणबाट दुई जनाको मृत्यु हुनुका साथै एक बालबालिकासहित २७ जना घाइते भएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् ।

## प्रेस युनियन पाल्पाको १० औं अधिवेशन

# आफ्नै पार्टीका सकारात्मकसँगै नकारात्मक पक्ष लेख्न पनि नडराउनुस् : सभापति श्रेष्ठ

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ १४/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पत्रकारले आफ्नै शुभेच्छुक पार्टीका सकारात्मक कामसँगै कमजोरी र नकारात्मक पक्षसमेत निर्भीक भएर लेख्नुपर्ने बताएका छन् । नेपाल प्रेस युनियन पाल्पा शाखाको १०औं जिल्ला अधिवेशनलाई आइतबार तानसेनमा सम्बोधन गर्दै सभापति श्रेष्ठले यस्तो बताएका हुन् ।

उनले पत्रकारिता कुनै दलको पक्षपोषण गर्ने नभई सत्य, तथ्य र जनताको पक्षमा सूचना प्रवाह गर्ने माध्यम हुनुपर्नेमा जोड दिए । सभापति श्रेष्ठले लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचन भएकाले प्रेस युनियनले नियमित अधिवेशनमार्फत नेतृत्व चयन र संगठनलाई गतिशील बनाउनु




सकारात्मक भएको बताए । राजनीतिक दलका नेताहरूले कार्यकर्ता र जनताको भावनाभन्दा विचौलियाको पछि लागेर काम गर्दा जनतामा निराशा बढेको स्वीकार गर्दै श्रेष्ठले राजनीतिक दलहरूले पत्रकारिता पेशाप्रति पर्याप्त ध्यान दिन नसकेको बताए । उनले प्रेस युनियनजस्ता संस्थाले विचार, सिद्धान्त, संगठन र सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर आफ्नो भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गरे । नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले प्रेस युनियन नेपाली कांग्रेसको भ्रातृ संगठन नभई शुभेच्छुक संस्था मात्र भएको स्पष्ट पारे । उनले सञ्चारमाध्यमले प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापन कटौती गर्ने सरकारको निर्णय फिर्ता लिन माग गरे ।नेपाल प्रेस युनियनका केन्द्रीय प्रतिनिधि प्रेमनारायण आचार्यले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी सरकारबाट गतिविधि भइरहेको आरोप लगाए । राष्ट्रिय स्वतन्त्र पार्टी पाल्पाका सभापति विष्णु भण्डारीले पत्रकारिताको स्वतन्त्रता र विश्वसनीयतामा आँच नआउने गरी काम गर्न पत्रकारलाई आग्रह गरे । उनले पार्टी सभापति रवि लामिछाने पनि पत्रकारिता पृष्ठभूमिबाट राजनीतिमा आएको उल्लेख गर्दै पत्रकारका समस्या समाधान हुने विश्वास व्यक्त गरे । नेपाली काँग्रेस गुल्मीका सचिव तथा प्रेस युनियन पाल्पाका पूर्वअध्यक्ष जगदीश भट्टराईले सरकारले जनताको सूचना पाउने अधिकारलाई कमजोर बनाउने काम गरेको बताए । मिडिया बन्द हुने अवस्था सिर्जना हुँदा पनि राजनीतिक दलहरूले पर्याप्त आवाज नउठाएकोमा उनले दु:ख व्यक्त गरे ।

नेकपा एमाले पाल्पाका सचिव रामजी पोखरेलले लोकतान्त्रिक परिवर्तनका हरेक चरणमा पत्रकारको महत्वपूर्ण भूमिका रहे पनि राजनीतिक दलहरू सत्तामा पुगेपछि पत्रकारलाई बेवास्ता गर्ने प्रवृत्ति देखिएको बताए । उनले पत्रकारले सत्य, तथ्य र निष्पक्ष भएर कलम चलाउनुपर्नेमा जोड दिए । राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाका अध्यक्ष डुलबहादुर कुँवरले सञ्चारमाध्यमले विगतदेखि प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापन कटौती गर्न नहुने बताए । उनले पत्रकारले व्यक्तिगत तथा राजनीतिक आस्थाभन्दा माथि उठेर समाचार लेख्नुपर्ने धारणा राखे । (- **बाँकी अन्तिम पेजमा...**)

## आज राष्ट्रिय पुस्तकालय दिवस मनाइँदै



**पाल्पा,** भदौ १४ / प्रत्येक वर्ष भदौ १५ गते विभिन्न कार्यक्रम आयोजना गरी मनाइने पुस्तकालय दिवस आज देशभर मनाइँदै छ । विसं २०६५ देखि सरकारले भदौ १५ गतेलाई पुस्तकालय दिवसका रुपमा मनाउँदै बआएको हो ।

राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा विसं १८६९ भदौ १५ गते शुक्रबार पुस्तकालय बनाउनेसम्बन्धी कानुनमा लालमोहर लगाएको स्मृतिमा सरकारले भदौ १५ गतेलाई पुस्तकालय दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । 'पुस्तकालय' ज्ञान, सूचना र अध्ययनको महत्वपूर्ण केन्द्रका रूपमा रहेको भए पनि पछिल्लो समय डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै पुस्तक पढ्ने बानीमा परिवर्तन आएको छ । मोबाइल, सामाजिक सञ्जाल र इन्टरनेटको सहज पहुँचका कारण पुस्तकालयमा पुगेर अध्ययन गर्ने संस्कार केही कमजोर हुँदै गएको देखिन्छ । *(बाँकी अन्तिम पेजमा)*

## नेपाल प्रेस युनियन पाल्पामा नयाँ नेतृत्व, अध्यक्षमा मल्ल




**पाल्पा,** भदौ १४/प्रजातान्त्रिक पत्रकारहरुको छाता संगठन नेपाल प्रेस युनियन पाल्पा शाखाको नयाँ नेतत्व चयन भएको छ । आइतबार तानसेनमा भएको युनियनको १० औं जिल्ला अधिवेशनले आगामी दिन वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको हो । अधिवेशनले दुर्गेश मल्लको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति चयन गरेको छ । मल्ल अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् । जसको उपाध्यक्षमा विष्णु प्रसाद खनाल, महिला उपाध्यक्षमा मीना कुमाल सिलवाल चयन भएका छन् । यसैगरी सचिवमा दुर्गा प्रसाद अर्याल, सह-सचिवमा सन्तोष सुनार, कोषाध्यक्षमा इमानसिं राना चयन भएको निर्वाचन अधिकृत शिव प्रसाद देवकोटाले जानकारी दिए । यस्तै सदस्यहरूमा प्रेरणा नेपाल, किसन पोखरेल र सुमन कार्की चयन भएका छन् । अध्यक्षमा चयन भएसँगै मल्लले पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणसँगै जिल्लाको पत्रकारितालाई थप व्यवस्थित, जिम्मेवार र व्यावसायिक बनाउँदै लैजाने प्रतिबद्धता जनाएका छन् । अधिवेशनबाट युनियनको केन्द्रीय तथा प्रदेश प्रतिनिधिसमेत चयन गरिएको छ । केन्द्रीय प्रतिनिधिमा मन कुमारी काफ्ले गहिरे, जगदीश भट्टराई, भरत शर्मा, प्रकाश खनाल, मुक्ति प्रसाद न्यौपाने, सीता डोटेल, दिपक भट्टराई चयन भएका छन् । यस्तै प्रदेश प्रतिनिधिमा रामचन्द्र रायमाझी, सीता पाण्डेय, दानबहादुर हिस्की, सुनिल कार्की, रामचन्द्र ढुंगाना, अनिल लिगल चयन भएको निर्वाचन समितिले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## राष्ट्रिय पुस्तकालय दिवसको सन्दर्भ

पुस्तकालय दिवस आज देशभर मनाईंदैछ । सरकारले २०६५ देखि हरेक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउँदै आएको छ । राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा विसं १८६९ भदौ १५ गते शुक्रबार पुस्तकालय बनाउनेसम्बन्धी कानुनमा लालमोहर लगाएको स्मृतिमा सरकारले भदौ १५ गतेलाई पुस्तकालय दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । यस दिवसले पुस्तकालयको संरक्षण, विकास र विस्तारसँगै पठन संस्कृतिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकताको स्मरण गराउँछ । प्रविधिको तीव्र विकाससँगै सूचना प्राप्त गर्ने माध्यमहरू धेरै भए पनि पुस्तक पढ्ने बानीको महत्व घटेको छैन । बरु विश्वसनीय ज्ञान, गहिरो अध्ययन र आलोचनात्मक सोच विकास गर्न पुस्तकालयको भूमिका अझ महत्वपूर्ण बनेको छ ।

तर नेपालका धेरै पुस्तकालय अझै पनि पर्याप्त पुस्तक, प्रविधि, दक्ष जनशक्ति र भौतिक पूर्वाधारको अभावमा सञ्चालन भइरहेका छन् । ग्रामीण तथा दुर्गम क्षेत्रमा पुस्तकालयको पहुँच सीमित छ । कतिपय स्थानमा पुस्तकालय स्थापना भए पनि नियमित सञ्चालन र व्यवस्थापनको समस्या देखिन्छ । यस्तो अवस्थामा राष्ट्रिय पुस्तकालय दिवस केवल औपचारिक कार्यक्रम गर्ने दिनमा सीमित हुनु हुँदैन । सरकारले पुस्तकालयलाई शिक्षाको आधारभूत पूर्वाधारका रूपमा प्राथमिकता दिन आवश्यक छ । विद्यालय, स्थानीय तह तथा समुदायमा व्यवस्थित पुस्तकालय स्थापना गरी सबै वर्ग र उमेर समूहका मानिसलाई सहज पहुँच उपलब्ध गराउनुपर्छ । पुस्तकालयलाई परम्परागत पुस्तकको संग्रहमा मात्र सीमित नराखी डिजिटल स्रोत, ई–पुस्तक र आधुनिक सूचना प्रविधिसँग जोड्नुपर्छ । साथै बालबालिका र युवामा नियमित पठन संस्कृतिको विकास गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । आज सामाजिक सञ्जाल र छोटो सामग्रीको बढ्दो प्रभावका कारण गहिरो अध्ययन गर्ने प्रवृत्ति कमजोर हुँदै गएको देखिन्छ । यस्तो परिस्थितिमा पुस्तकालयले मानिसलाई एकाग्र भएर पढ्ने, सोच्ने र प्रश्न गर्ने वातावरण प्रदान गर्न सक्छ । पुस्तकालयको विकास गर्नु भनेको केवल भवन र पुस्तकको संख्या बढाउनु होइन, ज्ञानप्रति सम्मान गर्ने संस्कारको विकास गर्नु पनि हो । तसर्थ राष्ट्रिय पुस्तकालय दिवसले सबैलाई पुस्तकालयको महत्व बुझेर यसको संरक्षण र विकासमा योगदान गर्न प्रेरित गर्न सक्नु पर्छ । यसो भयो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network


"जसले मेरो हात छोड्यो, उसलाई दोष दिन्नँह
सायद उसले मलाई आफ्नै खुट्टामा उभिन सिकाउन आएको थियो।"
*(रबिन क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Rabin.Chhetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इतिहासले खोजेको अभिभावकत्व



**बद्री अर्याल**

नेपालको राजनीति अहिले केवल सरकार कसले चलाउने भन्ने प्रश्नको वरिपरि सीमित छैन । प्रश्न त्योभन्दा गहिरो छ, देशलाई जोड्ने, समाजलाई आश्वस्त पार्ने र भविष्यप्रति विश्वास जगाउने राजनीतिक अभिभावकत्व कसले दिने ? जनताको मनमा राजनीति र राजनीतिक नेतृत्वप्रतिको विश्वास कसरी पुनर्निर्माण गर्ने ? र लामो राजनीतिक इतिहास, संघर्ष र अनुभवबाट खारिएका नेताहरूले आफ्नो जीवनको उत्तरार्धमा कुन भूमिका निर्वाह गर्ने ? यही प्रश्नमा नेपाली कांग्रेस र शेरबहादुर देउवाको वर्तमान भूमिकालाई हेर्नुपर्छ । नेपाली कांग्रेस नेपालका लागि एउटा सामान्य राजनीतिक दल होइन । यसको इतिहास नेपालको लोकतान्त्रिक संघर्ष, नागरिक अधिकार, राजनीतिक स्वतन्त्रता र राष्ट्रिय राजनीतिका अनेक मोडसँग गाँसिएको छ । राणाशासनविरुद्धको संघर्षदेखि २००७ सालको परिवर्तन, प्रजातन्त्रको पुन:स्थापना, २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को लोकतान्त्रिक आन्दोलन हुँदै गणतान्त्रिक संविधान निर्माणसम्म नेपाली कांग्रेसले नेपालको राजनीतिक यात्रामा महत्त्वपूर्ण भूमिका खेलेको छ । इतिहासका हरेक चरणमा कांग्रेसको भूमिका एउटै प्रकारको थिएन ? कहिले संघर्षको अग्रभागमा, कहिले सरकारमा, कहिले प्रतिपक्षमा र कहिले परिवर्तनका विभिन्न शक्तिबीच समन्वयकारी भूमिकामा रह्यो तर यसको सबैभन्दा ठूलो राजनीतिक सम्पत्ति भनेको यसको ऐतिहासिक स्मृति र लोकतान्त्रिक वैधता हो । त्यसैले नेपाली कांग्रेस कमजोर हुँदा केवल एउटा पार्टी कमजोर हुँदैन, नेपालको लोकतान्त्रिक राजनीतिको एउटा महत्त्वपूर्ण आधार कमजोर हुन्छ । कांग्रेसको आन्तरिक विवाद केवल कांग्रेसको आन्तरिक विषयमात्र होइन, त्यसले राष्ट्रिय राजनीतिको दिशा र स्थायित्वमा पनि प्रभाव पार्छ ।लोकतान्त्रिक यात्रामा दिएको योगदानका कारण विभिन्न राजनीतिक धारका मानिसले पनि नेपाली कांग्रेसलाई एउटा संस्थागत राजनीतिक शक्तिका रूपमा हेर्दै आएका छन् । कांग्रेसको लोकतान्त्रिक इतिहाससँग असहमति राख्ने नागरिक पनि संकटको समयमा कांग्रेसले राष्ट्रिय भूमिका खेलोस् भन्ने अपेक्षा राख्छन् । यही कारणले कांग्रेसका लागि आजको चुनौती सामान्य चुनावी चुनौतीभन्दा ठूलो छ । कांग्रेसले अब आफूलाई केवल कांग्रेसका मतदाताको पार्टीका रूपमा होइन, लोकतान्त्रिक स्थायित्वको एउटा राष्ट्रिय धरोहरका रूपमा पुन:परिभाषित गर्न सक्नुपर्छ । यसको अर्थ कांग्रेसले आफ्नो पहिचान छोड्नु होइन । बरू आफ्नो ऐतिहासिक पहिचानलाई अझ फराकिलो राष्ट्रिय जिम्मेवारीमा रूपान्तरण गर्नु हो । देशका सबै दलका लागि आशाको धरोहर बन्नसक्ने राजनीतिक संस्कार निर्माण गर्नसक्नु नै कांग्रेसको ऐतिहासिक पुँजीको आधुनिक प्रयोग हुनेछ ।

**देउवा: पदभन्दा अनुभवको प्रश्न**

शेरबहादुर देउवा नेपालको समकालीन राजनीतिका सबैभन्दा लामो अनुभव भएका वर्तमानका नेतामध्ये एक हुनुहुन्छ । उहाँले नेपाली कांग्रेसको नेतृत्व गर्नुभयो, पाँचपटक प्रधानमन्त्री बन्नुभयो र नेपालको राजनीतिक संक्रमणका विभिन्न कठिन चरणहरू प्रत्यक्ष रूपमा व्यहोर्नुभयो । यति लामो राजनीतिक जीवन आफैंमा एउटा ठूलो राजनीतिक विश्वविद्यालय हो । सरकार चलाएको अनुभव, पार्टी सञ्चालनको अनुभव, आन्दोलन र निर्वाचनको अनुभव, अन्तरदलीय सम्बन्धको अनुभव तथा राज्य सञ्चालनका जटिलतासँग प्रत्यक्ष साक्षात्कार, यी सबै कुरा कुनै किताब पढेर प्राप्त हुने ज्ञान होइनन् । यी दशकौंको राजनीतिक यात्राबाट प्राप्त संस्थागत स्मृति हुन् । त्यसैले देउवाबाट आज समाजले केवल अर्को राजनीतिक प्रतिस्पर्धाको अपेक्षा गर्नु हुँदैन, उहाँसँग रहेको अनुभवलाई राष्ट्रिय अभिभावकत्वमा रूपान्तरण गर्ने अपेक्षा गर्नुपर्छ । पाँचपटक प्रधानमन्त्री भइसकेको व्यक्तिको राजनीतिक जीवनको अन्तिम अर्थ छैटौं पटक पद प्राप्त गर्नुमात्र हुनसक्दैन । त्योभन्दा ठूलो उपलब्धि आफूले कमाएको अनुभवलाई नयाँ पुस्ताको नेतृत्व निर्माणमा लगाउनु, राजनीतिक विवादमा मध्यस्थता गर्नु र कठिन समयमा समाजलाई जोड्नु हुनसक्छ । यही नै नेतृत्वको परिपक्वताको उच्चतम अवस्था हो ।

**अभिभावकत्वको अर्थ पलायन होइन**

अभिभावकत्व भन्नासाथ राजनीतिबाट निवृत्त हुने अर्थ लगाउनु हुँदैन । अभिभावकत्व सक्रिय राजनीतिको अर्को उच्च तह हो । अभिभावक त्यो हो, जसले आफ्नै समूहको हितभन्दा संस्थाको हितलाई माथि राख्छ । जसले आफ्नो समर्थकमात्र होइन, आलोचकलाई पनि सुन्छ । जसले आफूलाई केन्द्रमा राखेर संस्था चलाउँदैन, बरु संस्थालाई केन्द्रमा राखेर आफूलाई भूमिका दिन्छ । वरिष्ठ नेताले हरेक विवादमा आफ्नो पक्ष स्थापित गर्नैपर्छ भन्ने हुँदैन । कहिलेकाहीँ उसको मौनता पनि योगदान हुन्छ । कहिलेकाहीँ उसको एक शब्दले दुई पक्षबीचको दूरी घटाउनसक्छ । कहिलेकाहीँ उसले आफ्नै दाबी केही समयका लागि छोडिदिँदा संस्थाले ठूलो संकटबाट मुक्ति पाउन सक्छ । आज देउवाको राजनीतिक अनुभवलाई यही दृष्टिले हेर्न आवश्यक छ । देश राजनीतिक रूपमा संवेदनशील अवस्थामा छ भने उहाँले सरकार, पार्टी, विपक्ष, युवा पुस्ता र नागरिक समाजसँग संवादको पुल बन्न सक्नुहुन्छ । कांग्रेसभित्र नेतृत्व हस्तान्तरणको प्रश्न छ भने उहाँ नयाँ पुस्तालाई आफ्नो राजनीतिक उत्तराधिकारीमात्र होइन, संस्थाको उत्तराधिकारीका रूपमा स्वीकार गर्ने वातावरण निर्माण गर्न सक्नुहुन्छ । त्यो कमजोरी होइन । त्यो परिपक्वता हो ।

**असन्तुष्टिले वितृष्णा न होस्**

राजनीतिप्रतिको असन्तुष्टि लोकतन्त्रको खतरा होइन । असन्तुष्ट नागरिक विकल्प खोज्छ तर असन्तुष्टि वितृष्णामा बदलियो भने नागरिकले विकल्प खोज्न पनि छोड्नसक्छ । यो सरकार असफल भयो भन्ने निष्कर्ष लोकतान्त्रिक हो तर कुनै सरकार पनि सफल हुँदैन भन्ने निष्कर्ष लोकतन्त्रप्रतिको विश्वासको संकट हो । यो नेता गलत भयो भन्ने लोकतान्त्रिक आलोचना हो तर सबै नेता उस्तै हुन् भन्ने सामूहिक निष्कर्ष राजनीतिक वितृष्णाको संकेत हो । त्यसैले कांग्रेसजस्ता ऐतिहासिक दलको भूमिका आज झन् महत्त्वपूर्ण हुन्छ । उसले जनतालाई फेरि राजनीति सम्भव छ भन्ने विश्वास दिलाउनुपर्छ । लोकतन्त्रबाट परिणाम आउनसक्छ भन्ने प्रमाण दिनुपर्छ । नेतृत्व व्यक्तिगत स्वार्थभन्दा माथि उठ्नसक्छ भन्ने उदाहरण प्रस्तुत गर्नुपर्छ ।

**सुपर लिडर होइन, सुपर सिस्टम**

नेपालको समस्या एउटा महान् नेता नहुँदामात्र भएको होइन । समस्या संस्थाहरू कमजोर हुँदा पनि भएको हो । व्यक्ति शक्तिशाली भयो भने व्यवस्था चल्ने र व्यक्ति कमजोर भयो भने व्यवस्था कमजोर हुने अवस्था लोकतन्त्रको दीर्घकालीन समाधान होइन । हामीलाई अब त्यस्तो प्रणाली चाहिन्छ जहाँ प्रधानमन्त्री परिवर्तन हुँदा राज्यको नीति नढलोस् । पार्टी सभापति परिवर्तन हुँदा संगठन नटुटोस् । सरकार परिवर्तन हुँदा प्रशासन नहल्लियोस् । नेतृत्व परिवर्तन हुँदा विकासका राष्ट्रिय प्राथमिकता नफेरिऊन् । यसका लागि निष्पक्ष कर्मचारी प्रशासन, व्यावसायिक प्रहरी, स्वतन्त्र न्यायपालिका, सक्षम निर्वाचन प्रणाली, पारदर्शी राजनीतिक दल, आन्तरिक लोकतन्त्र र परिणाममुखी सार्वजनिक प्रशासन आवश्यक छन् । देउवाजस्ता अनुभवी नेताको ऐतिहासिक भूमिका यही प्रणाली निर्माणमा पनि हुनसक्छ । आफूले भोगेको राजनीतिक अनुभवलाई संस्थागत सुधारमा रूपान्तरण गर्नु उहाँको राजनीतिक जीवनको अत्यन्त महत्त्वपूर्ण योगदान बन्नसक्छ ।

**फेस सेभिङ होइन, फ्युचर सेभिङ**

नेपालको राजनीतिले एउटा कठोर निर्णय गर्नुपर्ने समय आएको छ, हामी आफ्नो विगतको प्रतिष्ठा जोगाउन चाहन्छौं कि देशको भविष्य ? राजनीतिक जीवनमा हरेक नेताले कुनै न कुनै चरणमा यो प्रश्नको सामना गर्नुपर्छ । म सही थिएँ प्रमाणित गर्नु एउटा उपलब्धि हुनसक्छ तर मेरोपछि आउने नेतृत्व अझ राम्रो होस् भन्ने वातावरण निर्माण गर्नु अझ ठूलो उपलब्धि हो । राजनीतिक महानता सधैं जितेरमात्र प्राप्त हुँदैन । कहिलेकाहीँ आफूले जित्न सक्ने ठाउँमा पनि संस्थाको भविष्यका लागि पछि हट्नसक्नु महानता हो ।

**नयाँ नेतृत्व प्रतिस्थापन होइन, निर्माण हो**

देशले नयाँ नेतृत्व खोजिरहेको छ । तर नयाँ नेतृत्व पुरानालाई गाली गरेरमात्र जन्मिँदैन । नेतृत्व निर्माण गर्नुपर्छ । स्थानीय तहबाट, विद्यार्थी राजनीतिबाट, सामाजिक अभियानबाट, उद्यमशीलताबाट, नीति निर्माणबाट, संसद्बाट र जनतासँगको निरन्तर सम्बन्धबाट । नयाँ पुस्ताले केवल नाराबाजी होइन, अर्थतन्त्र बुझ्नुपर्छ । उत्पादन, रोजगारी, प्रविधि, ऊर्जा, कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीति बुझ्नुपर्छ । संविधान र सार्वजनिक प्रशासन बुझ्नुपर्छ । पुरानो पुस्ताले नयाँ पुस्तालाई केवल पद हस्तान्तरण होइन, अनुभव हस्तान्तरण गर्नुपर्छ र नयाँ पुस्ताले पुरानो पुस्ताबाट पदमात्र होइन, राजनीतिक संस्कार सिक्नुपर्छ । यही सम्बन्धले पुस्तान्तरणलाई संघर्षबाट निरन्तरतामा बदल्न सक्छ ।

**अन्तिम प्रश्न : इतिहासले देउवालाई के सम्झनेछ ?**

शेरबहादुर देउवाको राजनीतिक जीवनलाई इतिहासले अनेक कोणबाट मूल्यांकन गर्नेछ । उहाँका सफलता, कमजोरी, निर्णय, विवाद र उपलब्धि सबै इतिहासका विषय बन्नेछन् तर इतिहासको एउटा अर्को प्रश्न पनि हुनेछ, दीर्घ राजनीतिक यात्राको अन्तिम चरणमा उहाँले आफ्नो अनुभवलाई कसरी प्रयोग गर्नुभयो ? यदि उहाँले फेरि पदको प्रतिस्पर्धाभन्दा माथि उठेर राष्ट्रिय अभिभावकको भूमिका निर्वाह गर्न सक्नुभयो भने त्यो उहाँको राजनीतिक जीवनको अर्को महत्त्वपूर्ण अध्याय बन्नसक्छ । कांग्रेसभित्रका विभिन्न धारलाई जोड्ने, नयाँ नेतृत्वलाई ठाउँ दिने, पार्टीलाई गुटभन्दा माथि उठाउने, लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने र संकटका बेला सबै पक्षसँग संवाद गर्ने भूमिका उहाँले निर्वाह गर्न सक्नुहुन्छ । त्यसले केवल देउवालाई सम्मानित बनाउने होइन, नेपाली कांग्रेसलाई पनि नयाँ राजनीतिक उचाइ दिनसक्छ । उसको भविष्य उसको इतिहासलाई वर्तमानको जिम्मेवारीमा बदल्नसक्ने क्षमतामा छ । आज नेपाललाई अर्को गुट अर्को व्यक्ति पूजा चाहिएको छैन । नेपाललाई नयाँ राजनीतिक संस्कार चाहिएको छ । त्यस्तो संस्कार, जहाँ नेतृत्व पदबाट भूमिकामा रूपान्तरण होस्, गुटबाट संस्थामा रूपान्तरण होस्, भाषणबाट परिणाममा रूपान्तरण होस्, व्यक्ति पूजाबाट प्रणालीमा रूपान्तरण होस् र राजनीतिक प्रतिस्पर्धाबाट राष्ट्रिय जिम्मेवारीमा रूपान्तरण होस् । जनताले आन्दोलनबाट प्रश्न उठाइसकेका छन् । जनताले निर्वाचनबाट आफ्नो अब राजनीतिक नेतृत्वको पालो हो । आफू अगाडि हुँदा देशलाई नेतृत्व गर्छ, आफू पछाडि हुँदा देशलाई जोड्छ । नेपाललाई आज यस्तै अभिभावकत्व चाहिएको छ । इतिहासले यही प्रश्न सोध्नेछ, जनताले दिएको विश्वासलाई नेतृत्वले आफ्नो पद जोगाउन प्रयोग गर्‍यो कि राष्ट्रको भविष्य जोगाउन ?

***(लेखक अर्याल नेपाली कांग्रेसका युवा नेता तथा जय नेपाल फाउण्डेशनका अध्यक्ष हुनुहुन्छ ।)***

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। लगावले बौद्धिक क्षेत्र फराकिलो हुनेछ। | **तुला**: श्रमको उचित मूल्यांकन पाइनेछ। छोटो समयमा राम्रो उपलब्धि हात पर्नेछ। |
| **वृष** : स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। बोलिको विपरीत अर्थ लाग्नेछ। | **वृश्चिक** : लोकप्रियता हासिल गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |
| **मिथुन** : व्यावसायिक क्षमताको प्रशंसा हुनेछ। साझेदारी व्यापारबाट लाभ मिल्नेछ। | **धनु** : उच्च अधिकारीहरूसँग सम्पर्क बढ्नेछ। कार्यक्षेत्रमा कार्यको तारिफ हुनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा असमझदारी बढ्नेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **मकर** : आर्थिक पक्ष सबल रहनेछ। ठेकापट्टाको कार्यबाट लाभार्जन गर्न सकिनेछ। |
| **सिंह** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। समाजमा प्रतिष्ठा बढ्नेछ। | **कुम्भ**: कार्य प्रारम्भ गर्न सक्नुहुनेछ। प्रतिभाको प्रदर्शन गर्न सफल हुनुहुनेछ। |
| **कन्या** : लगानी बढाउने परिस्थिति उत्पन्न होला। अवसरको लागि कडा परिश्रम गर्नुपर्ला। | **मीन** : बुजुर्गहरूको स्वास्थ्यमा ध्यान दिनुहोस्। रुचिको कार्य मिल्नाले मन प्रसन्न रहनेछ। |

## शिक्षा

# बदलिँदो समाजमा नैतिक शिक्षाको खाँचो



मानिस जति नै ज्ञानी र कानुन जति नै राम्रो भए पनि पालना गर्ने व्यक्ति नै इमानदार नभए के होला ? हालैको एउटा दु:खद घटनाले यही प्रश्नलाई फेरि उजागर गरिदिएको छ । बाराको जीतपुर सिमरामा तीन वर्षकी सानी बालिका गरिमा चौधरीलाई घरबाट चकलेटको प्रलोभन देखाई लगिएको र त्यसपछि निर्ममरूपमा हत्या गरिएको घटनाले सिंगो देश स्तब्ध भएको छ । यस घटनामा प्रहरीले १६ वर्षका किशोरलगायत केहीलाई पक्राउ गरेको छ । अबोध बालिकाको ज्यान यसरी गुम्नु र त्यसमा पनि उमेरले किशोरावस्थामै रहेको बालकसमेत संलग्न हुनुले समाजलाई गहिरो चिन्तामा पारेको छ । यस घटनापछि न्यायको माग गर्दै सिमरादेखि काठमाडौंसम्म सर्वसाधारण सडकमा उत्रिएका छन् । यसले प्रश्न उठाउँछ – हाम्रा बालबालिका र किशोरकिशोरीले पाइरहेको शिक्षा र संस्कारमा कतै ठूलो कमी त छैन ? आजका अधिकांश अभिभावक आफ्ना छोराछोरीले परीक्षामा कति जीपीए वा ग्रेड ल्याए भन्नेमा मात्र केन्द्रित देखिन्छन् । नतिजा राम्रो आयो भने खुसी हुने, नराम्रो आयो भने चिन्ता गर्ने तर तिनै छोराछोरी घरमा, समाजमा कतिको नैतिक र सम्मानजनक व्यवहार गर्छन् भन्नेतर्फ भने धेरैको ध्यान जाँदैन । परीक्षाको नम्बर हेरिन्छ तर सन्तानको चरित्र र आचरण हेरिँदैन । यही सोचले गर्दा बच्चाहरू पढाइमा अब्बल भए पनि व्यवहारमा कमजोर हुँदै गएको देखिन्छ । विद्यालयहरूको अवस्था पनि उस्तै छ । आजकल धेरै विद्यालयले आफूसँग नवीनतम प्रविधि, एआई आधारित शिक्षा प्रणाली र आधुनिक सुविधा छ भनेर विज्ञापन गर्न होड गर्छन् । यस्ता सुविधाले पढाइलाई सजिलो र आकर्षक बनाउला तर एउटा कुरा विद्यालयहरूले बिर्सिरहेका हुन्छन् - कक्षामा टपर हुनुमात्रले कोही असल र जिम्मेवार नागरिक बन्छ भन्ने ग्यारेन्टी हुँदैन । जति नै अब्बल विद्यार्थी भए पनि उसमा मानवता, सम्मान र जिम्मेवारीको भावना छैन भने त्यो शिक्षा अधुरो नै रहन्छ । भर्ना अभियानका पम्प्लेटमा स्मार्ट क्लास, रोबोटिक्स ल्याब र अनलाइन पोर्टलका तस्बिर देखाइन्छ तर त्यही पम्प्लेटमा विद्यार्थीले कति नम्रता वा जिम्मेवारी सिके भन्ने कुनै सूचक हुँदैन । यसरी शिक्षालाई पूर्णत: बजारीकरण गरेर विद्यालयहरू आफैँ पनि नतिजा र प्रचारको प्रतिस्पर्धामा फसेका हुन्छन् जसको मूल्य विद्यार्थीको चरित्र निर्माणले नै तिर्नुपरेको छ । धेरै बालबालिका र किशोरकिशोरीले आफ्ना बुबाआमा तथा अग्रजसँग खासै कुरा गर्न चाहँदैनन् । कुराकानी नै बिरलै हुने भएपछि आफ्ना कुरा राख्दा वा व्यवहार गर्दा भाषा र आचरणमा सम्मान देखाउने बानी पनि बस्दैन । मोबाइल र इन्टरनेटमा बढी समय बिताउने तर घरपरिवारसँग कुरा गर्न नरुचाउने प्रवृत्तिले पनि यसलाई थप बढाएको छ । परिवारसँगको सम्बन्ध र संवाद कमजोर हुँदै जाँदा नयाँ पुस्ताले सामाजिक मूल्यमान्यता र सम्मान गर्ने तरिका सिक्ने ठाउँ नै साँघुरिँदै गएको छ । बिहानको खाजादेखि साँझको भोजनसम्म परिवारसँग कुरा गर्ने समय नै नहुँदा सिकिने सम्मान र सहनशीलता जस्ता गुण पनि हराउँदै गएका छन् । यसैले अब हामीले बुझ्नुपर्ने कुरा के हो भने विद्यालयले मात्र नैतिक शिक्षा दिन सक्दैन । यो जिम्मेवारी परिवार, समाज र शिक्षण संस्था सबैले मिलेर पहल गर्नुपर्छ । घरमा अभिभावकले आफ्ना छोराछोरीसँग नियमित कुराकानी गर्नुपर्छ, विद्यालयले पाठ्यक्रममै नैतिक शिक्षा र मानवीय मूल्यलाई प्राथमिकता दिनुपर्छ र समाजले पनि असल आचरणलाई सम्मान गर्ने संस्कार बसाल्नुपर्छ । कुनै पनि समाज कानुन र व्यवस्थाले मात्र सुरक्षित बन्दैन । त्यसका लागि सबै नागरिकमा नैतिकता, इमानदारी, जिम्मेवारी, अनुशासन र मानवताको भावना हुनुपर्छ । जबसम्म हामी नयाँ पुस्तालाई प्रविधिसँगै सही मूल्यमान्यता र सम्मानको शिक्षासहित हुर्काउन सक्दैनौ तबसम्म कुनै पनि कानुन वा व्यवस्थाले मात्र समाजलाई सुरक्षित बनाउन सक्दैन ।

*-बाह्रखरी डटकम*

# प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण घट्दै



देशभर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गतका कार्यक्रमहरूमा उपलब्ध क्षमताअनुसार विद्यार्थी भर्ना हुन नसकेको देखिएको छ । वि.सं. २०८१ मा डिप्लोमातर्फ ३८,४६३ क्षमता रहेकोमा २५,२४८ जना मात्र दर्ता भएको र २०८३ मा आइपुग्दा ३२,३४५ क्षमतामा २४,००५ जना मात्र दर्ता भएका छन् । प्रि-डिप्लोमातर्फ आकर्षण झनै घटेर २०८३ मा ६,४९२ सिट क्षमता रहेकोमा ३,२३१ जना मात्र भर्ना भएको देखिन्छ । यसले विद्यालय शिक्षामा बीचमै पढाइ छाड्ने समस्या र प्राविधिक शिक्षातर्फ घट्दो आकर्षण देखिन्छ । परिषद्का निमित्त सदस्य सचिव अनोज भट्टराईका अनुसार देशभर हाल ६६९ वटा शिक्षण संस्था सक्रिय रहेको भए पनि डिप्लोमा र प्रिप-डिप्लोमा तहमा सिट खाली रहने क्रम बढेको छ । देशभर ६५ आङ्गिक, २५२ प्राविधिक धार सञ्चालित विद्यालय, ५० साझेदारी र ३०२ निजी सम्बन्धन प्राप्त शिक्षालय रहेका छन् । विद्यालय स्तरमा कक्षा वृद्धिसँगै विद्यार्थीको सङ्ख्या उल्लेख्य रूपमा घट्दै गएको र यसको प्रत्यक्ष असर प्राविधिक तथा व्यावसायिक शिक्षामा परेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार उत्पादनशील उमेर समूह (१५-५९ वर्ष) को जनसङ्ख्या ६१.९६ प्रतिशत रहे पनि विद्यालय तहमा विद्यार्थीको संख्या उच्च तहमा पुग्दा क्रमैसँग घट्दै गएको छ । वि.सं. २०८३ को तथ्याङ्क अनुसार कक्षा १ मा जम्मा आठ लाख ४५ हजार एक सय ९९ विद्यार्थी भर्ना भएकामा कक्षा १० मा आइपुग्दा यो सङ्ख्या घटेर ४ लाख ६१ हजार ९०८ मा सीमित भएको छ । यस्तै कक्षा १२ मा पुग्दा विद्यार्थीको सङ्ख्या २ लाख ७४ हजार ७२८ मात्र रहेको छ । यसैबिच वि.सं. २०८२ को एसईई परीक्षामा सम्मिलित ५ लाख १२ हजार ४२९ परीक्षार्थीमध्ये ३ लाख ६७ हजार ६८३ जना ग्रेडेड र १ लाख ४४ हजार ७४६ जना नन-ग्रेडेड भएका थिए । सीटीईभीटीको प्रतिवेदन अनुसार नेपालमा टिभेट क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा योगदान १ प्रतिशत मात्र रहेको छ । देशभर एक हजार दुई सय तिन वटा टिभेट संस्था र एक हजार आठ सय ५० भन्दा बढी छोटो अवधिको तालिम प्रदायक संस्थाहरू रहेता पनि क्षमता अनुसार विद्यार्थी नामाङ्कन हुन नसकेको अवस्था छ । २०८३ सालमा ३८ हजार ८३७ विद्यार्थी भर्ना क्षमता रहेकोमा २४,००५ डिप्लोमा र तिन हजार २३१ मात्र प्रिपेड-डिप्लोमामा भर्ना भएको तथ्याङ्कले सहभागितामा अझै खाडल रहेको देखाउँछ । बदलिँदो श्रम बजार र युवाहरूका नयाँ आकाङ्क्षालाई सम्बोधन गर्न विद्यमान टिभेट संरचनाको पुनर्संरचना आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । सै, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारबिच स्पष्ट भूमिका, समन्वय र जबाफदेहिता सुनिश्चित गर्दै सँीय सुशासन कायम गर्नुपर्नेमा जोड दिइएको छ ।

**राष्ट्रिय टिभेट नीति संवाद: माग अनुसार जनशक्ति उत्पादनमा जोड**

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम(टिभेट)लाई सीप, उत्पादन र रोजगारीसँग जोड्ने गरी ऐन निर्माण गर्नुपर्नेमा विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । शिक्षा तथा खेलकुद मन्त्रालयको आयोजना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को समन्वयमा सोमबार सिंहदरबारमा आयोजित राष्ट्रिय टिभेट नीति संवादमा सहभागी वक्ताहरूले बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न टिभेट शिक्षालाई व्यवहारिक र उत्पादनमुखी बनाउनुपर्ने बताएका हुन् । उनीहरूले विद्यालय तहदेखि नै सीपमूलक तथा व्यवहारिक शिक्षा दिनुपर्नेमा जोड दिँदै प्राविधिक शिक्षालाई वैकल्पिक शिक्षाका रूपमा मात्र हेर्न नहुने बताए । साथै प्राविधिक शिक्षा र व्यावसायिक तालिमको स्पष्ट विभाजन आवश्यक रहेको उनीहरूको भनाइ थियो । राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले नयाँ टिभेट ऐनले समावेशिता, रोजगारी वृद्धि र उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताइन् । नीतिगत तथा संरचनागत समस्याका कारण प्राविधिक तथा व्यावसायिक शिक्षाको आकर्षण र दिगोपना कायम हुन नसकेको उल्लेख गर्दै उनले ऐन निर्माणका क्रममा सबै सरोकारवालासँग व्यापक छलफल गर्नुपर्नेमा जोड दिए । आयोगका सदस्य डा. सुदन झाले टिभेटलाई स्थानीय तह, विश्वविद्यालय, सैसंस्था तथा विभिन्न सङ्गठनसँग जोड्नुपर्ने बताए । उनले व्यावसायिक शिक्षा सरकारको प्राथमिकतामा रहेको उल्लेख गरे । शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले व्यावसायिक शिक्षालाई सीप र उत्पादनसँग जोड्नुपर्ने बताए । विगतमा नीति बने पनि त्यसको अपनत्व नलिँदा कार्यान्वयनमा समस्या आएको उल्लेख गर्दै उनले अब बन्ने टिभेट ऐन पारदर्शी र व्यवहारिक हुनुपर्ने बताए । शिक्षा मन्त्रालयका सहसचिव जयराम अधिकारीले मध्यमस्तरीय जनशक्ति विकासमा सीटीईभीटी को महत्त्वपूर्ण भूमिका रहेको बताए । नीति संवादले प्राविधिक जनशक्तिसम्बन्धी नीति निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास उनले व्यक्त गरे । नेपाल नगरपालिका सैका अध्यक्ष भीमप्रसाद ढुङ्गानाले पछिल्लो समय प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण घटेको बताउँदै सँीय सरकारले स्थानीय सरकारलाई आवश्यक सहजीकरण गर्नुपर्ने बताए । सीटीईभीटीसम्बन्धी ऐन, नियमावली तथा निर्णयहरू कार्यान्वयनमुखी हुनुपर्ने उनको भनाइ थियो । कार्यक्रममा सीटीईभीटीका निमित्त सदस्यसचिव अनोज भट्टराईले परिषद्का गतिविधि तथा टिभेट ऐनका विषयमा प्रस्तुतीकरण गरेका थिए ।

*-रातोपाटी डटकम*

# मध्यपश्चिम विश्वविद्यालयका स्नातक तहका सबै परीक्षा स्थगित



मध्यपश्चिम विश्वविद्यालयले स्नातक तहअन्तर्गत सञ्चालन हुने सम्पूर्ण परीक्षा स्थगित गरेको छ। बुधबार भोटेकोशी नदीमा आएको भीषण बाढीपछि देशभर उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै विश्वविद्यालयले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो । विश्वविद्यालयको परीक्षा व्यवस्थापन कार्यालयले बिहीबार सूचना जारी गर्दै एमआईसीडीबाहेक स्नातक तहअन्तर्गतका सम्पूर्ण स्कुलका परीक्षा अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको जनाएको छ । यसअघि विश्वविद्यालयले बिहीबार बिहान ११ बजेदेखि विभिन्न स्नातक तहका परीक्षा सञ्चालन गर्ने गरी परीक्षा तालिका सार्वजनिक गरेको थियो । तर भोटेकोशी नदीमा आएको बाढीका कारण देशका विभिन्न क्षेत्रमा जनजीवन प्रभावित हुनुका साथै सडक तथा यातायातमा समेत समस्या उत्पन्न भएपछि परीक्षा स्थगित गरिएको हो । भोटेकोशीमा आएको बाढीका कारण रसुवालगायतका विभिन्न क्षेत्रमा सडक, पुल तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ । बाढीका कारण कतिपय स्थानमा यातायात सेवा अवरुद्ध हुँदा विद्यार्थी तथा परीक्षामा खटिने कर्मचारीलाई परीक्षा केन्द्रसम्म पुग्न कठिनाइ हुने अवस्था सिर्जना भएको छ । विशेषगरी विभिन्न जिल्लाबाट परीक्षा केन्द्रसम्म यात्रा गर्नुपर्ने विद्यार्थीका लागि पछिल्लो विपद्को अवस्था जोखिमपूर्ण बनेको छ । यही अवस्थालाई ध्यानमा राख्दै विश्वविद्यालयले परीक्षा सञ्चालन तत्कालका लागि रोक्ने निर्णय गरेको हो । परीक्षा व्यवस्थापन कार्यालयले स्थगित भएका परीक्षाहरूको नयाँ मिति र समय तत्काल तोकेको छैन । कार्यालयले अर्को सूचना जारी नभएसम्मका लागि परीक्षा स्थगित गरिएको स्पष्ट पारेको छ । अब बाढी तथा विपद्को अवस्था सामान्य भएपछि विश्वविद्यालयले नयाँ परीक्षा तालिका सार्वजनिक गर्नेछ । नयाँ तालिकामा परीक्षा सञ्चालन हुने मिति, समय र आवश्यक अन्य विवरण समावेश गरिने विश्वविद्यालयले जनाएको छ । परीक्षार्थीहरूले परीक्षा व्यवस्थापन कार्यालय तथा विश्वविद्यालयका आधिकारिक माध्यमबाट जारी हुने सूचनालाई आधार मान्नुपर्नेछ । भोटेकोशी नदीमा आएको भीषण बाढीले रसुवालगायतका जिल्लामा ठूलो जनधनको क्षति पुर्याएको छ । बाढीका कारण सडक तथा पुलमा क्षति पुग्नुका साथै विभिन्न क्षेत्रमा मानिसहरू सम्पर्कविहीन भएका छन् । उद्धार तथा खोजी कार्यसमेत जारी रहेको अवस्थामा जनजीवन सामान्य अवस्थामा फर्किन सकेको छैन । प्राकृतिक विपद्को यस्तो अवस्थामा विद्यार्थीलाई परीक्षा केन्द्रसम्म पुग्न लगाउँदा उनीहरूको सुरक्षामा जोखिम हुनसक्ने भएकाले विश्वविद्यालयले परीक्षा स्थगित गरेको हो । परीक्षा स्थगित भएपछि विद्यार्थीहरूमा नयाँ परीक्षा तालिकाबारे चासो बढेको छ । विश्वविद्यालयले भने नयाँ तालिकाबारे पछि जानकारी गराउने भएकाले तत्काल अनधिकृत सूचना र सामाजिक सञ्जालमा आएका हल्लाको भर नपर्न आग्रह गरेको छ । विश्वविद्यालयले अवस्था सामान्य भएपछि परीक्षा सञ्चालनको नयाँ मिति सार्वजनिक गर्नेछ । त्यसपछि विद्यार्थीहरूले सम्बन्धित परीक्षा केन्द्रमा तोकिएको मिति र समयमा उपस्थित हुनुपर्नेछ ।

*-हाम्रा कुरा डटकम*

# कृषि तथा वन विज्ञान विश्वविद्यालयले विपद् उद्धार कोषमा रकम जम्मा गर्ने




कृषि तथा वन विज्ञान विश्वविद्यालयले बाढी प्रभावित परिवार तथा समुदायको राहत र पुन:स्थापनामा सहयोग पुऱ्याउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय गरेको छ । विश्वविद्यालयको आज बसेको कार्यकारी परिषद्को बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीको भदौ महिनाको तलब भुक्तानी गर्दा निश्चित प्रतिशत/दिन बराबरको रकम कट्टा गरी उक्त कोषमा जम्मा गर्ने निर्णय गरेको रजिस्ट्रारको कार्यालयले जनाएको छ । निर्णयअनुसार उपकुलपति, रजिस्ट्रार, सबै डिन र परीक्षा नियन्त्रकबाट एक महिनाको तलब बराबरको रकम कट्टा गरिनेछ । सबै निर्देशक र सहायक डिनबाट आधा महिनाको तलब बराबरको रकम कट्टा हुनेछ । प्राध्यापक तथा प्रशासक, सह-प्राध्यापक तथा सह-प्रशासक वा सो सरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन बराबरको रकम कट्टा गरिनेछ । उप-प्राध्यापक तथा उप-प्रशासक, शाखा अधिकृत तथा प्रशिक्षक वा सो सरहका कर्मचारीबाट सात दिनको तलब बराबरको रकम कट्टा हुनेछ । मुख्य कार्यालय सहायक, कार्यालय सहायक वा सो सरहका कर्मचारीबाट पाँच दिन तथा सवारीचालक, कार्यालय सहयोगीलगायत श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरिने विश्वविद्यालयले जनाएको छ । भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा ठूलो जनधनको क्षति भएको थियो । सो घटनाप्रति दु:ख तथा समवेदना व्यक्त गर्दै विश्वविद्यालयले प्रभावित परिवार तथा समुदायको राहत र पुन:स्थापनाका लागि सहयोग गर्ने निर्णय गरेको हो । विश्वविद्यालयका रजिस्ट्रार प्रा डा सुविर सिंहद्वारा जारी अत्यन्त जरुरी सूचनामा प्राकृतिक विपद्बाट प्रभावित परिवार तथा समुदायको राहत र पुन:स्थापना कार्यमा स्वेच्छिक रूपमा आर्थिक सहयोग गर्ने विश्वविद्यालयका सम्पूर्ण पदाधिकारी, शिक्षक तथा कर्मचारीप्रति धन्यवादसमेत व्यक्त गरिएको छ ।

*-डिसी नेपाल डटकम*

# प्रेस युनियनद्वारा १२ पत्रकार पुरस्कृत, सल्लाहकार सम्मानित



**पाल्पा,** भदौ १४/नेपाल प्रेस युनियन पाल्पा शाखाले आृनो १०औं जिल्ला अधिवेशनका अवसरमा विभिन्न विधाका १२ जना पत्रकारलाई पुरस्कार प्रदान गरेको छ । पत्रकारिताको क्षेत्रमा योगदान पुऱ्याएका तथा सक्रिय रूपमा पत्रकारिता गर्दै आएका पत्रकारलाई संस्थाले नगद, प्रमाणपत्रसहित सम्मान गरेको हो ।

युनियनले पूर्णमान स्मृति पत्रकारिता पुरस्कारबाट माधव अर्याल, तिलकराम स्मृति पत्रकारिता पुरस्कारबाट सुनिल कार्की र दानबहादुर हिस्की, विकास पत्रकारिता पुरस्कारबाट सुमन कार्की, बालकुमारी स्मृति पत्रकारिता पुरस्कारबाट भोजराज तिमिल्सेना तथा सिर्जनशील पत्रकारिता पुरस्कारबाट मिना कुमाल, प्रेरणा नेपाल, शोभा थापा पुरस्कृत भएका छन् । त्यसैगरी क्रियाशिल पत्रकारिता पुरस्कारबाट सन्तोष गहतराज, पाल्पाली ढाका पत्रकारिता पुरस्कारबाट लेखक दुर्गा अर्याल, लक्ष्मण घिमिरे स्मृति पत्रकारिता पुरस्कारबाट अनु खनाल तथा राजेन्द्र पन्थी स्मृति पत्रकारिता पुरस्कारबाट सीता पाण्डे पुरस्कृत भएका छन् । युनियनले संस्थालाई विभिन्न समयमा महत्वपूर्ण सहयोग पुऱ्याउने व्यक्तिहरूलाई पनि सम्मान गरेको छ । संस्थाका सल्लाहकारहरू झपेन्द्र गहिरे, जगदीश भट्टराई, माधव अर्याल, प्रकाश नेपाल, कविराज नेपाल, भरत शर्मा र मुक्ति न्यौपाने लगायतलाई सम्मान गरिएको हो । त्यसैगरी नेपाल प्रेस युनियन पाल्पालाई विभिन्न समयमा सहयोग गर्दै आएका नेपाली कांग्रेस तानसेन-१३ का वडा सभापति किशोर भट्टराई, लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्णप्रसाद पराजुली तथा नेपाल उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष एवं होटल व्यवसायी मोहनप्रसाद श्रेष्ठलाई पनि सम्मान गरिएको छ । यसैबीच, युनियनका सल्लाहकार जगदीश भट्टराईले पत्रकारिता कल्याणकारी राहत कोषका लागि २१ हजार रुपैयाँ सहयोग गरेका छन् । पत्रकार तथा सञ्चारकर्मीलाई आपत्कालीन अवस्थामा सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको राहत कोषमा उनले उक्त रकम प्रदान गरेका हुन् । पुरस्कार तथा सम्मानले पत्रकारलाई थप उत्साहित बनाउँदै पत्रकारिताको क्षेत्रमा सक्रिय र जिम्मेवार भएर काम गर्न प्रेरणा मिल्ने युनियनले जनाएको छ ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### सन्दिपले एक महिनाको तलब विपद् कोषमा दिने



**काठमाडौं,** भदौ १४/ नेपाली ओडीआई क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेले विनाशकारी बाढी प्रभावितका लागि एक महिनाको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने घोषणा गरेका छन् । सन्दीपले क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) बाट प्राप्त हुने एक महिनाको पारिश्रमिक १ लाख २० हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दिने जानकारी दिएका हुन् । एसीसी प्रिमियर कप खेल्न मलेसियामा रहेको नेपाली टोलीका कप्तान सन्दीपले सामाजिक सञ्जालमार्फत आफूहरू देशबाट टाढा भए पनि मन भने नेपालमै रहेको उल्लेख गरेका छन् । उनले कठिन घडीमा बाढी प्रभावित नागरिकप्रति गहिरो सहानुभूति व्यक्त गर्दै प्रतियोगिताभर नेपालको प्रदर्शनलाई प्रभावित नेपालीका लागि समर्पित गर्ने बताएका छन् । यस्तै, एसीसी प्रिमियर कपभरि नेपालले लिने हरेक विकेटका लागि १ हजार ५०० रुपैयाँ र प्रहार गर्ने हरेक चौका तथा छक्काका लागि १ हजार ५०० रुपैयाँ बाढी प्रभावित बालबालिकाका लागि शैक्षिक सामग्री उपलब्ध गराउन सहयोग गर्ने प्रतिबद्धता पनि जनाएका छन् । 'उनीहरूको सपना कुनै बाढीले बगाउन सक्दैन' सन्दीपले भने । हरेक विकेट, हरेक बाउन्ड्री र हरेक हुटिङ नेपालकै लागि हुने उनले उल्लेख गरेका छन् । यसअघि नेपाल क्रिकेट संघ (क्यान) ले दैवी प्रकोप उद्धार कोषमा ३० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरिसकेको छ । नेपालले एसीसी प्रिमियर कपको समूह चरणमा बहराइन, साउदी अरेबिया, मलेसिया र हङकङसँग प्रतिस्पर्धा गर्नेछ ।


## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



# आज राष्ट्रिय पुस्तकालय...

...यस्तो अवस्थामा पुस्तकालयको महत्व र उपयोगिताबारे नयाँ पुस्तालाई सचेत गराउनु आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् । नेपालमा पुस्तकालयको संस्थागत विकाससँगै विद्यालय, क्याम्पस, समुदाय तथा स्थानीय तहमा विभिन्न प्रकारका पुस्तकालय सञ्चालनमा छन् । पुस्तकालयले विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता तथा आम पाठकलाई आवश्यक ज्ञान, सूचना र अध्ययन सामग्री उपलब्ध गराउँदै आएका छन् । सूचना प्रविधिको विकाससँगै परम्परागत पुस्तकालयलाई डिजिटल प्रविधिसँग जोड्दै आधुनिक र प्रविधिमैत्री बनाउने प्रयाससमेत भइरहेका छन् ।

राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा देशका विभिन्न स्थानमा पुस्तक प्रदर्शनी, वाचन कार्यक्रम, अन्तरक्रिया, वक्तृत्वकला, साहित्यिक कार्यक्रम तथा पुस्तकालयसम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरिँदै आएका छन् । दिवसले पुस्तकालयलाई केवल पुस्तक राख्ने स्थानका रूपमा नभई ज्ञान, अनुसन्धान, सिर्जना र बौद्धिक विकासको केन्द्रका रूपमा स्थापित गर्नुपर्ने आवश्यकतामाथि ध्यानाकर्षण गराउने गरेको छ । विशेषगरी बालबालिका तथा युवामा पढ्ने संस्कारको विकास गर्न विद्यालय र समुदायस्तरमा पुस्तकालयको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता छ । स्थानीय तहहरूले समेत पुस्तकालयको संरक्षण, पूर्वाधार विकास, नयाँ पुस्तक तथा अध्ययन सामग्रीको व्यवस्थापन र डिजिटल स्रोतमा पहुँच विस्तारलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । पुस्तकालयको विकासले समाजमा अध्ययन र अनुसन्धानको वातावरण निर्माण गर्नुका साथै नागरिकको ज्ञान र चेतनाको स्तर बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ । त्यसैले राष्ट्रिय पुस्तकालय दिवस केवल औपचारिक रूपमा मनाउने दिन नभई पुस्तकालयको वर्तमान अवस्था, चुनौती र भविष्यको आवश्यकताबारे समीक्षा गर्ने अवसरका रूपमा लिनुपर्ने सरोकारवालाहरूको धारणा छ । पछिल्लो समय पढ्ने बानीमा आएको परिवर्तनका बीच पुस्तकालयलाई समयअनुकूल विकास गर्दै नयाँ पुस्तालाई पुस्तक र अध्ययनसँग जोड्न सकेमा ज्ञानमा आधारित समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

# आफ्नै पार्टीका...

...राष्ट्रिय जनमोर्चा नेपाल पाल्पाका अध्यक्ष विशाल दर्लामीले सरकारले विभिन्न बहानामा सञ्चारमाध्यम तथा पत्रकारमाथि दवाब सिर्जना गरी त्रसित बनाउने काम गरेको बताए । उनले प्रेसमाथिको हस्तक्षेपविरुद्ध हुने आन्दोलनमा आृनो पार्टीको साथ र सहयोग रहने बताए । प्रेस युनियन पाल्पाका संस्थापक अध्यक्ष झपेन्द्र गहिरेले सरकारलाई प्रेसविरोधी गतिविधि सच्याउन आग्रह गर्दै सबै राजनीतिक दल एकजुट भएर प्रेसविरोधी गतिविधि रोक्नुपर्ने बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले राज्यको चौथो अंगका रूपमा रहेको प्रेसलाई कमजोर बनाउने नीति सरकारले अघि सारेको आरोप लगाए । सरकारी विज्ञापन रोक्ने तथा लोककल्याणकारी विज्ञापन कटौती गर्ने निर्णयले सञ्चारमाध्यम धरासायी हुने भन्दै उनले सञ्चार क्षेत्रलाई कमजोर बनाउने प्रयास तत्काल रोक्न माग गरे । नेपाल ट्रेड युनियन कांग्रेस पाल्पाका सचिव लोकनाथ अधिकारीले पत्रकारिता पेशालाई मर्यादित, निष्पक्ष र जिम्मेवार बनाउन आग्रह गरे । प्रेस चौतारी नेपाल पाल्पाका अध्यक्ष कृष्ण कार्कीले सञ्चार क्षेत्र संकटमा रहेकाले सबै पत्रकार संगठन एकजुट भएर सरकारमाथि दबाब सिर्जना गर्नुपर्ने बताए । उनले स्थानीय सरकारले स्थानीय सञ्चारमाध्यमको सबलीकरण तथा श्रमजीवी पत्रकारको हितमा काम गर्नुपर्नेमा जोड दिए । प्रेस सेन्टर नेपाल पाल्पाका अध्यक्ष कृष्ण दर्लालले लोकतन्त्र र प्रजातन्त्र स्थापनामा प्रेस युनियनको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सञ्चारमाध्यमलाई खुम्च्याउने गतिविधि रोक्नुपर्ने बताए । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समीरमान सिंहले निजी क्षेत्र र सञ्चार क्षेत्रबीच सुमधुर सम्बन्ध कायम गरी सहकार्य गर्नुपर्ने बताए । पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्कीले पत्रकारले इमान्दारीपूर्वक काम गर्दै जनताको विश्वास कायम राख्नुपर्ने बताए । लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्णप्रसाद पराजुलीले सकारात्मक सोचका साथ काम गर्न आग्रह गर्दै कलेजले सञ्चारकर्मीसँग सहकार्य गर्दै आएको बताए । पुरस्कारदाता बुद्धिप्रसाद शर्माले पत्रकारको हौसला बढाउन अक्षयकोषका लागि सहयोग गरेको जानकारी दिए । अधिवेशनमा शाखा अध्यक्ष मन गहिरेले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै वर्षभरि शाखाले गरेका गतिविधिबारे जानकारी गराइन् । शाखामा हाल ६१ जना सदस्य रहेको जनाइएको छ । अध्यक्ष गहिरेको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष रामचन्द्र रायमाझीले स्वागत र सचिव विष्णु घिमिरेले सञ्चालन गरेका थिए ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई